**स्तन क्यान्सरका लक्षणहरू**
- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ पुस २८ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 12 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १३५

## पृथ्वी जयन्तीमा एकता दौड प्रतियोगिता

प्रस, वीरगंज, २७ पुस/
इम्प्रुभिङ वीरगंजको आयोजनामा पाँचौं एकताका लागि दौड प्रतियोगिता सम्पन्न भएको छ।



पृथ्वी जयन्ती र राष्ट्रिय एकता दिवसको अवसरमा शनिवार आयोजित एकता दौड प्रतियोगितामा छात्रतर्फ अमरनाथ साह प्रथम, रूपेश माझी द्वितीय र रोहन माझी तृतीय भए भने छात्रातर्फ कल्सुन खातुन प्रथम, प्रीति पटेल द्वितीय र सरीता भुल तृतीय भए। उनीहरूलाई कप, मोबाइल, ट्र्याकसुट र नगदबाट पुरस्कृत गरिएको थियो । इम्प्रुभिङ वीरगंजका अध्यक्ष शरण गुप्ताको अध्यक्षतामा भएको दौड प्रतियोगिताको उद्घाटन नगरप्रमुख राजेशमान सिंहले गरेका थिए ।

यसैगरी, ३०३औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस देशभक्त राजभक्त समूह पर्साले कार्यक्रम गरी मनाएको छ। वीरगंज-६ महावीर मन्दिर प्राङ्गणमा आयोजित कार्यक्रममा समूहका अध्यक्ष दीपेन्द्र रौनियारसहित पशुपति विक्रम शाह, पृथ्वी झा, वीरेन्द्र थापा, ध्रुवसिंह ठकुरी, अब्दुल सतार मियाँलगायतले राष्ट्रपिता पृथ्वीनारायण शाहको योगदानबारे प्रकाश पारेका थिए।

## वीरगंजलाई नमूना शहर बनाउँछु -अध्यक्ष साह

प्रस, वीरगंज, २७ पुस/
आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले मुलुकमा भ्रष्टाचार, संरक्षण दिँदै आएका र आम मानिसलाई दैनिक उपभोगका वस्तुहरू ल्याउने क्रममा दु:ख दिने गरेको आरोप लगाए। दुईजना प्रदेश सरकारमा रहेको तर उनीहरूले यहाँको विकासमा खासै ध्यान नदिएको भन्दै जनतालाई उनीहरूसँग




अनियमितता एवं कुशासन बढ्दै गइरहेको आरोप लगाएका छन् । वीरगंजको बिपी पार्कमा शनिवार आयोजित भ्रष्टाचारविरुद्धको खबरदारीसभामा उनले नेपालमा बढ्दो भ्रष्टाचारको कारक बहालवाला प्रधानमन्त्री केपीशर्मा ओली भएको आरोप लगाए।

उनले ओली नेतृत्वको सरकारले भ्रष्ट कर्मचारी, व्यापारी, नेता, विदेशी दलाललाई संरक्षण दिइरहेको कारण भ्रष्टाचार चरम सीमामा पुगेको र त्यसको प्रभावले आम नेपाली जनता पिरोलिन पुगेको आरोप लगाए। उनले सीमा सुरक्षाका लागि खटेका सशस्त्र तथा जनपद प्रहरीले तस्करहरूलाई

उनले तस्करहरूलाई संरक्षण र आम मानिसका घरायसी सामानलाई भन्सार चलान गर्ने कार्य रोक्न आजपा अघि सर्ने बताए । उनले सीमाबाट आउने सबै वस्तुको भन्सार शुल्क लिनुपर्ने र त्यसका लागि भेदभाव हटाउनुपर्ने बताए। उनले वीरगंजबाट उठेको राजस्वबाट वीरगंजको विकास गर्नेतर्फ सरकार इमानदार नदेखिएको आरोप लगाए । यहाँबाट उठ्ने राजस्वको केही अंश यहीको विकासमा खर्च गर्न सरकारले भेदभाव गर्दै आएको अध्यक्ष साहले आरोप लगाए।

उनले पर्सा जिल्लाबाट अहिले तीनजना मन्त्री केन्द्रीय सरकारमा र यसको हिसाब माग्न सुझाए। उनले वीरगंजको विकासका लागि आजपाले काम गर्ने बताए।

विकासको जिम्मा मलाई दिनुस् वीरगंज कस्तो बन्छ देखाइदिन्छु अध्यक्ष साहले दाबी गरे। उनले आफ्नो चुनावी घोषणापत्रमा पनि वीरगंजको विकासको खाका कोरिएको स्मरण गर्दै नारायणी अस्पताललाई मेडिकल कलेजमा रूपान्तरण गर्ने, ठाराब क्याम्पसलाई विश्वविद्यालयको दर्जा दिलाउने, नारायणी रङ्गशालालाई अन्तर्राष्ट्रियस्तरको रङ्गशाला बनाउने जस्ता कार्यहरू गरेर देखाउने ठोकुवा पनि गरे।

## गरीब विपन्नलाई न्यानो कपडा सहयोग






प्रस, वीरगंज, २७ पुस/
समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आदर्शनगर ग्रीनसिटी समुदायिक सेवा केन्द्र र रूँगटा वेलफेयर सोसाइटीको संयुक्त आयोजनामा शनिवार दुई सय थान कम्बल वितरण गरिएको छ।

शीतलहरसँगै बढेको चीसोबाट विपन्न परिवार, ज्येष्ठ नागरिक,

(बाँकी अन्तिम पातामा)

## छवटा स्थानमा माघी महोत्सवको तयारी

बलिराम शुक्ला, बिरुवागुठी, २७ पुस/
यसपालिको माघी (मकरसङ्क्रान्ति) पर्व जिल्लाका छवटा स्थानमा आयोजना गर्ने तयारी भइरहेको छ। मुख्यतः थारू समुदायले माघी पर्वलाई धूमधामका साथ मनाउँदै आएको र यस अवसरमा थारू बाहुल्य पर्सा जिल्लाका छवटा स्थानमा यसपटक महोत्सव मनाउने तयारी थालिएको छ।

वीरगंज महानगरपालिकाको आदर्शनगरबाट सुरुआत गरिएको माघी महोत्सव पछिल्लो समयमा पर्सागढी नपाको बडनिहार खेलमैदान, सखुवाप्रसौनी गापाको औराहा पंचगावाँ, पटेर्वासुगौली गापाको फरदहवा, जीराभवानी गापाको सेढवा र ठोरी गापाको सुवर्णपुरमा महोत्सव मनाउन भव्य तयारी हुँदैछ।

थारू समुदायको महान् पर्व तथा नयाँ वर्ष थारू संवत् २६४९ को अवसरमा आगामी माघ १ गते थारू कल्याणकारीसभा नगर मूल समारोह समिति, पर्सागढीको आयोजनामा पकडिया बडनिहारको खेलमैदानमा पाँचौं पर्सागढी थारू माघी खिचडी महोत्सवको तयारी भव्यरूपमा भइरहेको महोत्सव तयारी समितिका संयोजक जङ्गबहादुर दास थारूले बताए। उनले महोत्सवमा थारू समुदायका खाद्य परिकारहरू, थारू संस्कृति झल्किने घाटो, झम्टा नृत्य प्रस्तुत गरिने बताए।

यसैगरी, पर्सा जिल्लामा सबैभन्दा पहिले सुरुआत गरिएको माघी महोत्सवस्थल वीरगंज महानगरमा पनि माघीको भव्य तयारी भइरहेको माघी मूल समारोह समिति वीरगंजका संयोजक प्रवीण चौधरीले बताए। वीरगंजमा थारू समुदायले भव्यरूपमा आफ्नो उपस्थिति देखाउँदै महोत्सव मनाउने गरेको छ।




घण्टाघरबाट झाँकीसहित र्‍याली निकालेर महोत्सवस्थलमा थारू समुदायका खाद्य परिकारहरूका स्टल, सांस्कृतिक कार्यक्रम, रक्तदान जस्ता सामाजिक कार्यहरू हुँदै आएको छ।

सखुवाप्रसौनी गापाको औराहा पंचगावाँमा रूपनारायण मुखियाको संयोजकत्वमा महोत्सवको तयारी भइरहेको गापाध्यक्ष यशवन्त यादवले बताए।

यसैगरी, पटेर्वासुगौली गापाको फरहदवामा चौथो माघी तथा भाठा महोत्सव तीन दिन कार्यक्रम गरी मनाउने तयारी भइरहेको मूल समारोह समितिका संयोजक मुकेश गौरोले बताए। रामभौरी भाठालाई पर्यटकीयस्थलको रूपमा पहिचान अगाडि बढाउने उद्देश्यले पनि माघी महोत्सव मनाउने तयारी गरिएको र थारू समुदायको पहिचान देखिने भोजनहरूका साथै घाटो, झम्टा, जितिया पर्वको प्रदर्शन र राष्ट्रिय कलाकारहरू सहभागी गराएर तीन दिनसम्म सांस्कृतिक कार्यक्रम आयोजना हुने संयोजक गौरोले बताए।

यसैगरी, माघी महोत्सवका लागि जीराभवानी गापाको सेढवा र ठोरी गापाको सुवर्णपुरमा पनि भव्य तयारी भइरहेको आयोजक कमिटीले जनाएको छ। पर्सा जिल्लाका पाँचवटा पालिकामा एक दिन र पटेर्वासुगौलीमा भने तीन दिन महोत्सव मनाउने तयारी थालिएको छ।

## सिम्रौनगढमा अगुवा निषादहरूको भेला

प्रस, सिम्रौनगढ, २७ पुस/
राष्ट्रिय निषाद सङ्घको अगुवा कार्यकर्ता भेला एवं अन्तर्क्रिया शुक्रवार राति सिम्रौनगढमा सम्पन्न भएको छ।



आदर्श कोतवाल गाउँपालिका-६ पटेर्वा डमारस्थित प्राथमिक विद्यालयको खेलमैदानमा आयोजित कार्यक्रममा राष्ट्रिय निषाद सङ्घका केन्द्रीय नेता विजय निषादले नेपालमा निषाद जातिको एकता पूर्वमन्त्री मेघराज निषादको कार्यकालसम्म कायम रहेको बताए।

उनले मेघराजको निधनपछि निषाद जाति विभाजित भएका र उनीहरूबीच आजसम्म एकता कायम हुन नसकेकोमा चिन्ता व्यक्त गरे। उनले स्थानीय महिला सञ्जीता निषादले जातीय एकताका लागि अहिले चालेको कदममा सबैले साथ दिनुपर्ने बताए। उनले निषाद जातिको उत्थानको विषयमा उनीहरूको हकअधिकारका लागि लडिरहेकी भन्दै उनको यो अभियानमा सबैको साथ र सहयोग हुनुपर्नेमा जोड दिए।

केन्द्रीय अध्यक्ष सञ्जीता निषादको अध्यक्षतामा भएको कार्यक्रममा झापाका लाल सहनी, मोरङका योगेन्द्र मुखिया, धनुषाकी आशा केवट, सिराहाका महेन्द्र मुखिया बिन, सिराहाकी अनीता निषाद, सर्लाहीका रञ्जीत सहनी, रौतहटकी शोभी सहनी, बाराका परमानन्द मुखिया, बुद्धराम मुखिया, सोहराई मुखिया, रौतहटका मनिलाल निषाद, सङ्घका कोषाध्यक्ष सङ्गीता महतो नुनिया र वरिष्ठ नेता सीताराम निषादलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा जीवन मुखियाले स्वागत र सुरेश मुखियाले सहजीकरण गरेका थिए।

## लायन्सद्वारा कपडा सहयोग

प्रस, वीरगंज, २७ पुस/
लायन्स क्लबका संस्थापक मेलविन जोन्सको १४६औं जन्मोत्सवको अवसरमा वीरगंजमा रहेका लायन्स क्लबहरूले संयुक्तरूपमा वीरगंज कपडा बैंकलाई कपडा सहयोग गरेका छन्।

वीरगंज कपडा बैंकमा पुगेर लायन्सका पदाधिकारी सदस्यहरूले बैंकका सचिव कन्हैया पटेललाई आठ बोरा र १२ झोला कपडा सहयोग गरेका थिए।

कपडा बैंकका अध्यक्ष लालबाबू सिंहको अध्यक्षतामा भएको कार्यक्रममा लायन्सका पिया सिंह, रीना जयसवाल, अनामिका अग्रवाल, अशोक बेरिवाल, सुशील साह, उमेश गुप्ता, अङ्कित चौरसिया, पियुष दारुकालगायतको सहभागिता थियो।



**विचारसार र सूक्तिहरू**

**शरीरको हाल मनको ऐना हो, यसलाई सफा गर्नु पनि एउटा कला हो।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७८, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# जैविक कृषि–आजको युगधर्म

आर्यावर्त कहलिएको यस भूमि–नेपाल, भारतमा कृषि एउटा ऋषि कर्म मानिएको छ, जसमा पृथ्वीप्रति श्रद्धा एवं आत्मीयतापूर्ण व्यवहार गरिदै आएको छ। यस रूपमा कृषिको प्रकृतिका साथ गहिरो सम्बन्ध रहेको छ र यहाँ हजारौं वर्षदेखि जैविक कृषिको चलन रहेको छ र यो यसै प्रकृतिसँग तादाम्य राखेको कृषिको परिणाम थियो कि यति लामो समयसम्म अनवरत् अन्न उत्पादन गर्दै रहेर पनि यहाँका भूमिको उर्वराशक्ति कायम नै रह्यो र जनसङ्ख्याको एउटा ठूलो भाग कृषिकर्मसँग जोडिएर विश्वको भाग्य विधाता बनिरह्यो। तर कालान्तरमा बढ्दो जनसङ्ख्या र बजारीकरणका साथै उत्पादनमाथि दबाब बढ्दै गयो र त्यहीँ प्राविधिक विकासका साथ कृषिका नयाँ आयाम पनि जोडिँदै गए।

> **कृषि, ग्रामीण विकास, स्वास्थ्य सेवा, वातावरण संरक्षण र समग्र स्वास्थ्यसँग सम्बन्धित संस्थाहरूले यस क्षेत्रमा गहिरो खोज, अनुसन्धान र साहसिक प्रयोगमा जोड दिनुपर्छ। यसबाट मात्र कृषि र स्वास्थ्य सङ्कटको समाधान खोज्न सकिन्छ। कृषि र स्वास्थ्य सङ्कटको गम्भीरतालाई हेर्दा यो कार्य पनि युगधर्मभन्दा कम छैन।**

बढ्दो खाद्य आवश्यकताले गर्दा कृषि उद्योगीकरणको साथै हरितक्रान्तिको सुरुआत भयो; जसमा संकर बीज, रासायनिक उर्वरक र कीटनाशक औषधिहरूको चलन शुरू भयो। प्रारम्भमा यसको प्रयोगले उत्पादन अवश्य बढ्यो, तर समयको साथ यसका दुष्परिणाम पनि हातहातै पाउन प्रारम्भ भयो, जसमा माटो, उपज, कृषक र पर्यावरण सबै गम्भीररूपले प्रभावित हुँदै गए।

यसको साथै विज्ञानबाट उत्पन्न भौतिकवादी दृष्टिकोण र व्यक्तिको भोगवादी सोचका कारण पृथ्वी र प्रकृतिप्रतिको संवेदनशीलता गम्भीररूपमा क्षीण हुँदै गयो। बढीभन्दा बढी लाभ लिने हवसले गर्दा मानवीय सम्बन्धहरू चुँडिन थाले। यसै लाभको कारणले प्रकृतिको दोहन र शोषणको अन्तहीन प्रक्रिया शुरू भयो, जुन आजसम्म पनि निरन्तर जारी छ।

भारतमा रासायनिक उर्वरकहरूको प्रयोग करीब ९७ किलो प्रतिहेक्टर र कीटनाशक औषधिहरूको प्रयोग करीब ३०० ग्राम प्रतिहेक्टरमा हुन्छ। यस आधारमा भारत विश्वमा चौथो स्थानमा छ।

प्रयोग गरिएका रासायनिक मलहरूको २३ प्रतिशत मात्र बालीलाई प्राप्त हुन्छ, बाँकी ७७ प्रतिशतबाट विभिन्न प्रकारका प्रदूषणजन्य विकारहरू जन्मिन्छन्। रासायनिक खाद, कीटनाशक, खतरनाक जीवाणुनाशक र सङ्करित बीजहरूको अनियन्त्रित प्रयोगको कारणले माटोभित्रका सूक्ष्म पोषक तत्त्वहरू र जीवाणुहरूको नाश हुन्छ। यदि यो प्रक्रिया लामो समयसम्म जारी रह्यो भने माटो बाली उत्पादन गर्न योग्य रहँदैन।

रासायनिक खेतीको अत्यधिक प्रयोगका कारण वातावरणमा गम्भीर असन्तुलन उत्पन्न भइरहेको छ। जल प्रदूषण, भूमि प्रदूषण, वायु प्रदूषणमा रासायनिक मलको ठूलो भूमिका छ। किसानले एकपटक जति रासायनिक मल हाल्छ, अर्को बालीमा त्यसको तुलनामा अझ धेरै मल हाल्नुपर्ने हुन्छ।

यी पदार्थहरूको प्रयोगले माटो बिस्तारै कडा हुन्छ। माटोलाई नरम र उर्वर बनाउने सूक्ष्म जीवहरू मर्छन्। यसको परिणामस्वरूप माटो बाँझो बन्दै जान्छ। कीटनाशकहरूको बढ्दो प्रयोगले यसको विषाक्तता झन्झन् बढ्दै जान्छ।

अधिक लाभ र उत्पादनको अन्धो दौडमा उर्वर क्षेत्रहरूमा भूमिको एक ठूलो हिस्सा रासायनिक खाद र कीटनाशकहरूको अवशेषहरूबाट दूषित भइसकेको छ र अब ठूलो हिस्सा यसको चपेटामा आइरहेको छ। जमीनको उर्वराशक्ति कम हुँदै गइरहेको छ, जसमा पोटाशियम, फास्फोरस र नाइट्रोजनका साथै जैविक पदार्थको अभाव देखिएको छ।

जैविक पदार्थको कमीले खेतीको उत्पादनमा गम्भीर असर पारिरहेको छ। अर्कोतिर, खेतहरूमा विभिन्न प्रकारका विषाक्त रासायनिक पदार्थहरूको प्रयोग भइरहेको छ, जसले फलफूल, अन्न र अन्य खाद्य सामग्रीलाई विषाक्त बनाउँदैछ। यी पदार्थहरूको सेवनले मानव शरीरमा खतरनाक प्रभाव पार्दैछ।

हालै गरिएको अनुसन्धान अनुसार फलफूल र तरकारीमा पाइने कीटनाशकहरूले शरीरको स्नायु प्रणालीलाई असर पुऱ्याउनुका साथै शरीरको हार्मोनल सन्तुलन बिगार्न सक्छ, जसले क्यान्सर जस्ता घातक रोग निम्त्याउन सक्छ।

अर्को अनुसन्धानले कीटनाशकहरूले बच्चाहरूमा स्मृतिक्षयको समस्या सिर्जना गर्नुका साथै भ्रूणको विकास, प्रजनन प्रणाली र चयापचयमा पनि असर गरिरहेको देखिएको छ। यसका साथै अम्लीयता, रक्तचाप, मधुमेह र क्यान्सर जस्ता खतरनाक रोगहरूको कारण बनिरहेको छ।

भारतको पञ्जाब राज्यबाट चल्ने 'क्यान्सर ट्रेन' यसको एक ज्वलन्त उदाहरण हो, जसमा हरितक्रान्तिमा अगुवा रहेको पञ्जाबबाट अत्यधिक रसायन र कीटनाशकहरूको उपयोगका कारण विभिन्न प्रकारका क्यान्सरबाट पीडित मानिसहरू उपचारको लागि राजस्थानको बीकानेरस्थित क्यान्सर अस्पतालमा पुग्छन्।

यो समस्या अब केवल पञ्जाबमा मात्र सीमित छैन, फलफूल र तरकारीका लागि प्रख्यात पहाडी र तराई क्षेत्रसम्म फैलिएको छ। त्यहाँ पनि यसका नकारात्मक प्रभावहरू देखिन थालेका छन्, जहाँ कीटनाशकहरू तथा रासायनिक मलहरूको प्रयोग बढीभन्दा बढी भइरहेको छ।

संक्रमित अन्न, दूध र यीबाट बनेका उत्पादनहरू, फलफूल र तरकारीहरूको कारणले क्यान्सरजस्ता घातक रोगहरूबाट पीडित मानिसहरूमा स्वस्थ आहार र खाद्य–उत्पादनहरूप्रति सचेतना बढ्दै गएको छ। मानिसहरू असमयमै मृत्यु हुन र दीर्घ रोगहरूबाट बच्न औषधि उपचारमा ठूलो धनराशि खर्च गर्नेभन्दा पनि महँगा पोषणयुक्त एवं प्राकृतिक फलफूल तथा तरकारीहरूको प्राप्तिमा लगानी गर्न रुचि देखाइरहेका छन्।

यो केवल उनीहरूको चाहना नभई आवश्यकता पनि हो। तर प्राकृतिक र जैविक उत्पादनको माग जति छ, त्यति आपूर्ति छैन। जसका कारण उपलब्ध जैविक उत्पादनहरू यति महँगा भएका छन् कि यी सामान्य जनताको पहुँचभन्दा बाहिर छन्।

कृषि वैज्ञानिक, सरकारी नीति निर्माता र सचेत कृषकहरूको जिम्मेवारी हो कि उनीहरूले प्रकृतिसँग जोडिएका किफायती जैविक कृषि प्रणालीको विकास गरी स्वस्थ र जैविक उत्पादनलाई सर्वसुलभ र सर्वसाधारणको पहुँचमा ल्याउन मदत पुऱ्याउन सकोस्।

यसको लागि साहसिक पहलको आवश्यकता छ। यदि कृषिमा यस्तो मोडेल सफल भयो भने, यसलाई अरू ठाउँमा पनि सजिलै अनुकरण गर्न सकिन्छ। तर यसका लागि धेरै चुनौती र समस्या पनि छन्, जसमा गम्भीरताका साथ ध्यान दिन आवश्यक छ।

कृषि, ग्रामीण विकास, स्वास्थ्य सेवा, वातावरण संरक्षण र समग्र स्वास्थ्यसँग सम्बन्धित संस्थाहरूले यस क्षेत्रमा गहिरो खोज, अनुसन्धान र साहसिक प्रयोगमा जोड दिनुपर्छ। यसबाट मात्र कृषि र स्वास्थ्य सङ्कटको समाधान खोज्न सकिन्छ। कृषि र स्वास्थ्य सङ्कटको गम्भीरतालाई हेर्दा यो कार्य पनि युगधर्मभन्दा कम छैन।

# किन आउँदैन लगानी ?

**समयान्तर**



ओमप्रकाश खनाल
omkhanal@gmail.com

> **सरकारले प्रतिबद्धता गरेकै कारण लगानीकर्ता आउने होइन। लगानीकर्ताले त नीति र नियम कानूनको प्रत्याभूति खोज्छ। सरकारले लगानी प्रवर्द्धन गर्न कानून संशोधनका लागि कार्यदल बनाएको थियो। र निजी क्षेत्रले करीब तीन दर्जन कानूनमा सुधारको खाँचो औंल्याएको छ।**

नेपालले पटकपटक निकै तामझामका साथ लगानी सम्मेलन र त्यसकै पूरकका रूपमा पूर्वाधार सम्मेलनहरू आयोजना गर्दै आए पनि त्यसको अपेक्षित प्रतिफल देख्न नपाइएका समाचारहरू सञ्चारमाध्यममा आउने गरेका छन्। वैशाख १६ र १७ मा भएको लगानी सम्मेलनमा १२ वटा परियोजना पेश गरिएकोमा, कुनै पनि परियोजनामा अहिलेसम्म लगानीकर्ताले चासो राखेका छैनन्, किन ? लगानी भित्र्याउने यस्ता पटकै प्रयासमा लगानीकर्ता आए पनि लगानी चाहिँ किन नआएको होला ? यसमा आवश्यकताजति मन्थन हुन नसकेको भान हुन्छ। लगानीकर्ताले नेपालका प्रयास र प्रतिबद्धतालाई नपत्याएका कारण रुचि नदेखाएका हुन् कि, लगानीकर्ता के चाहन्छन् र उनीहरूको रुचि के हो भन्नेबारे सरकार खासै गम्भीर नहुनुको परिणाम हुन सक्छ, प्रतिबद्धता मात्र आउने, लगानी भने नआउने अवस्था।

नेपाल अल्पविकसितबाट विकासशील राष्ट्रको सूचीमा स्तरोन्नति हुँदै गर्दा विदेशी सहायतामा अनुदानको अंश कम हुँदै गएको छ। अबका दिनमा यो अझै घट्नेछ। त्यही समयमा दिगो विकासको लक्ष्यप्राप्तिका लागि पूर्वाधारका क्षेत्रमा ३०० खर्ब रुपियाँभन्दा बढी रकम लगानी गर्नुपर्ने राष्ट्रिय योजना आयोगको अध्ययनको निष्कर्ष छ। सरकारको स्रोत प्रशासनिक खर्चका लागि पनि अपुग भइराखेको अहिलेको अवस्थामा विकासको आधार भनेको निजी क्षेत्रको लगानी नै हो। यस्तोमा स्वदेशी निजी क्षेत्रको लगानी पर्याप्त हुँदैन भने बाहिरका लगानीकर्ता ढुक्क हुन सकेका छैनन्। लगानीको वातावरण मापनको रूपमा लिने गरिएको डुइङ बिजनेश सूचकमा केही सुधार देखिए पनि करका अव्यावहारिक पक्षमा सुधारको खाँचो औँल्याइएको थियो। हामीले त्यसमा अपेक्षित सुधार त परको कुरा, त्यसलाई बरु अव्यावहारिक बनाएका छौं। सङ्घीयता कार्यान्वयनपछि तहगत सरकारका करले यो समस्या चर्किएको छ। नेपालमा लगानीकर्ताले ४६ ठाउँमा कर तिर्छन्। यस्ता पक्षले लगानीकर्तामा सकारात्मक सन्देश जाँदैन।

स्मरण होस्, एउटा लगानी सम्मेलनमा एक खर्ब रुपियाँ लगानी प्रतिबद्धताको अपेक्षा गरिएकोमा १४ खर्बभन्दा बढीको प्रतिबद्धता आएपछि सरकार निकै उत्साहित भएको थियो। तर लगानी अर्बमा सीमित भयो। हामीले अघि सारेका परियोजनामै समस्या छ। योजना यस्ता हुनुपर्छ, जसमा तत्काल सम्भावना उपयोग गर्न सकियोस्। वर्षौं अघि ल्याइएका अधिकांश योजना त यस्तो छन्, जो अहिले सम्भाव्यता गुमाउने तरखरमा छन् भने कसरी लगानीकर्ताले पत्याउला ?

नेपालमा लगानीको सम्भावना नभएको होइन। तर लगानीको वातावरण बन्न सकेको छैन। विश्व बैंकको एउटा प्रतिवेदनले नेपालको वार्षिक निर्यात क्षमता करीब १० खर्ब रुपियाँ भएको देखाएको छ। नेपालले एक खर्ब रुपियाँको पनि निकासी गर्न सकेको छैन। हामी निर्यात प्रवर्द्धन कि आयात प्रतिस्थापन भन्नेमै अहिलेसम्म स्पष्ट छैनौं। निकासीको मुख्य बजार भारत हो। त्यसमा पनि हामीले मौलिक उत्पादनलाई ध्यान दिन सक्नुपर्छ। बाहिरबाट कच्चा पदार्थ ल्याएर पठाउने र तस्करीमा आधारित निकासीले दिगो आधार दिन सक्दैन। हामीकहाँ अहिलेसम्म मौलिक उत्पादनलाई अघि बढाउने जोखिम उठाउने नीतिगत र नियतगत उदारता देखिएको छैन। नीतिगत अस्पष्टता र अस्थिरता लगानीको अवरोधको रूपमा देखिएका छन्।

नेपालको मौलिक उत्पादन भनेको कृषि, पर्यटन र जलविद्युत् हुन सक्छन्। यी तीनै सरोकारमा ठीक तरीकाले काम हुन सकेको छैन। पर्यटनमा केही काम भएपनि कृषि र जलविद्युत्‌का कुरा मात्र बढी भएका छन्। यसको मूल बजार भारत नै हो। जलविद्युत्‌मा सम्भावना त छ, तर बजारको सुनिश्चितता छैन। विद्युत् विकासका भारतीय नीतिका कारण भारतबाहेक अन्य देशका लगानीकर्ता आउनेमा कमै मात्र आशावादी हुन सकिन्छ। यो नीतिगत अवरोध फुकाउने काममा आवश्यकता जति गम्भीरता सरकारमा देखिएको छैन, न भारतीय पक्षमा नै गम्भीरता देखिएको छ। यतिसम्म कि भुटानमा जलविद्युत्‌मा ठूलो लगानी गरिरहेको अडानी समूह पछिल्लो लगानी सम्मेलनमा सहभागी नै भएन। नेपालका विमानस्थल जस्ता पूर्वाधारमा यो समूहको लगानीको निकै चर्चा भएपनि परिणाम अहिलेसम्म प्रकट भइसकेको छैन।

नेपालका लागि अहिले भारत र बङ्गलादेश विद्युत्‌का मुख्य बजारको रूपमा देखिएका छन्। सस्तो ऊर्जामा आफूलाई केन्द्रित गरेको भारतमा निर्यात गर्नु सोचेजति सहज हुन सक्छ। बङ्गलादेशमा लैजान हामीसँग भरपर्दो पूर्वाधार छैन, त्यसका लागि पनि भारतको भर पर्ने अवस्था छ। यो त्यति भरपर्दो र दिगो हुन सक्छ भनी ढुक्क हुन सकिन्न।

बजार निश्चित हुने हो भने लगानीकर्ता जोखिम मोलेर पनि आउन तयार हुन्छन्। तीन करोड जनसङ्ख्या आफैंमा अपर्याप्त बजार हो भने छिमेकी देशको बजारमा निर्भर हुने अवस्थामा ती देशलाई विश्वासमा लिन सकिए मात्रै लगानीको वातावरण सहज बन्ने देखिन्छ। चीनमा आज विश्वकै लगानीकर्ता किन आकर्षित भइराखेका छन् ? त्यहाँको बजार र सस्तो श्रम मूल कारण हुन्। हामीकहाँ श्रम सस्तो भएपनि उत्पादकत्वका हिसाबमा लगानीमैत्री छैन। पूँजीको लागत हामीकहाँ उच्च छ। जग्गाप्राप्तिमा प्रक्रियागत झन्झट र लगानी पनि उच्च दरमा छ, यसरी लगानीको अपेक्षा मात्रै पाल्न सकिन्छ। प्रतिबद्धता अनुसारको लगानी आउन सम्भव हुँदैन। लगानी चाहेको हो भने पहिले यी कानूनी, प्रक्रियागत र प्राविधिक पक्षमा सुधार नभई हुँदैन। यस्ता कामहरू बोली र दस्तावेजमा सीमित छन्। व्यवहार र कार्यान्वयनमा असफल भइराखेका छन्।

विकासका मोडेलमा सरकार र निजी क्षेत्रको सहभागिताको अभिप्राय बदलिएको छ। प्राविधिक विषयमा दक्षताको अभाव छ। सरकारले यस्ता क्षेत्रमा अवसर खुम्च्याउने काम गरेको छ। कुन दक्षताको कति जनशक्ति चाहिने हो, त्यसको प्रक्षेपण छैन। सूचना र प्रविधिको युगमा सरकार यति र उति सङ्ख्यालाई रोजगार दिनेलाई सहुलियत दिन्छु भन्ने खालका नीति ल्याउँछ। प्रविधिको प्रयोग नगरी प्रतिस्पर्धी उत्पादन सम्भव हुन सक्दैन। तर प्रविधिको प्रयोगले रोजगारको अवसर खुम्चिन्छ। प्रविधिको उपयोगमार्फत मूल्य अभिवृद्धि र उत्पादकत्व बढाउनेलाई सहुलियत दिनुपर्ने हो। योजनाको फर्वाड र ब्याकवार्ड उपक्रमलाई मूल्य अभिवृद्धि र रोजगारसँग जोड्नका लागि दक्ष श्रममा आधारित उपायलाई प्रोत्साहित गर्नुपर्ने हो। समस्या यो दृष्टिकोणमा देखिएको छ।

नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार अहिले पनि नेपालमा भित्रिएको कुल वैदेशिक लगानीमध्ये सबैभन्दा बढी भारतीय नै छ। दोस्रोमा चीनका लगानीकर्ता छन्। अबको एशिया केन्द्रित अर्थतन्त्रको गति यिनै दुई देशको वरिपरि घुम्ने निश्चित जस्तै छ। तर यो अवसरलाई कसरी उपयोग गर्ने भन्नेमा हामी अनपेक्षितरूपले उदासीन भइराखेका छौं। लगानी र पूर्वाधार सम्मेलनदेखि प्रधानमन्त्री, मन्त्रीसमेतले स्वदेश र विदेशका फोरमहरूमा लगानी आह्वान गरेका छन्, तर पनि लगानी किन आउन सकेको छैन ? यसमा गम्भीर चिन्तनको खाँचो छ। अहिले एक त कोरोना महामारीको असर अनेक आवरणमा छँदैछ, यही बेला चीन र भारतमा देखिएको नयाँ भाइरसले सशङ्कित बनाइदिएको छ। यस्ता महामारीहरूले पनि विश्वव्यापी आर्थिक परिवेशलाई प्रभावित पार्ने भएकाले त्यसको पूर्वतयारी हुनुपर्छ। हामीकहाँ आगलागी भइसकेपछि कुवा खन्ने परिपाटी छ। यो प्रवृत्ति समस्याको जड हो।

सरकारले प्रतिबद्धता गरेकै कारण लगानीकर्ता आउने होइन। लगानीकर्ताले त नीति र नियम कानूनको प्रत्याभूति खोज्छ। सरकारले लगानी प्रवर्द्धनमा अवरोध पुऱ्याइरहेका कानूनी प्रावधान संशोधनका लागि भन्दै कार्यदल बनाएको थियो। आज पनि निजी क्षेत्रले करीब तीन दर्जन कानूनमा सुधारको खाँचो औंल्याएको छ। अहिलेका कतिपय कानूनमा सामान्य त्रुटिमा समेत लगानीकर्ता जेल जाने व्यवस्था राखिएका छन्। कुन लगानीकर्ता जेल जान तयार भएर यहाँ काम गर्न आउँछ ?

# आँखाको उपचार गर्न विदेश जानुपर्दैन, विदेशी नै नेपाल आउन थाले

काठमाडौं, २७ पुस/रासस

विदेशिमा रहेका नेपालीले नेपाली नेत्रविशेषज्ञबाट आँखा उपचार सेवा लिन पाउने भएका छन्। नेपाल नेत्रज्योति सङ्घले विदेशमा बस्ने नेपालीलाई लक्षित गर्दै विदेशमा आँखा उपचार सेवा विस्तार गरेपछि विशेषगरी वैदेशिक रोजगारमा संलग्न नेपाली लाभान्वित हुनेछन्।

सङ्घले पहिलोपटक यस्तो सेवा ओमानबाट सुरुआत गरिसकेको सङ्घका महासचिव भरतबहादुर चन्देले बताए। उनका अनुसार सङ्घले अब छिट्टै थाइल्यान्ड र मलेशियामा आँखा उपचार सेवा थालनी गर्नेछ। महासचिव चन्देले भने, "नेपाली राजदूतावास र गैरआवासीय नेपाली सङ्घको सहकार्यमा सङ्घले विदेशमा आँखा उपचार सेवा विस्तार गरिसकेको छ।"

नेत्रविशेषज्ञ प्राडा देवनारायण साहको अध्ययन अनुसार नेपालको आँखा स्वास्थ्य उपचार सेवा विश्वमै सस्तो र गुणस्तरीय रहेको छ। यही कारण नेपालमा गत वर्ष अढाई लाख विदेशी नागरिकले नेपालका आँखा अस्पतालबाट सेवा लिएका थिए।

अर्कोतर्फ सङ्घले मागका आधारमा विदेशमा आफ्ना नेत्रविशेषज्ञलाई पठाइ सेवा दिने समेत गरेको छ। गत असोजमा सङ्घद्वारा सञ्चालित लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर र अम्बिका शाह आँखा अस्पताल, भैरहवामा कार्यरत चिकित्सले बङ्गलादेशको ढाकास्थित नेशनल इन्स्टिच्युट अफ अप्थाल्मोलोजीमा सेवा प्रदान गरेका थिए। नेपाली चिकित्सकले ढाकामा भएको आन्दोलनका क्रममा आँखामा चोट लागेर नानी च्यातिएका, नानीमा गहिरो चोट लागेका, आँखाको पर्दा च्यातिएका, नानीमा रगत जमेकालगायत समस्या देखिएका बिरामीको उपचार तथा शल्यक्रिया गरेका थिए।

सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले भने, "पछिल्ला वर्षमा नेपाल आँखा उपचारको पर्यटन गन्तव्य अर्थात् 'आई मेडिकल टुरिजम'को रूपमा विकसित हुँदै गएको छ। सन् २०२३ मा मात्र भारत र बङ्गलादेशसहित विभिन्न देशका आठ लाख आँखाका बिरामीले सङ्घको सञ्जालमार्फत आँखा उपचार गराएका छन्।"

नेपालको आँखा स्वास्थ्य सेवामा सबैभन्दा ठूलो संयन्त्र भएको सङ्घ अन्तर्गत हाल देशभर २८ आँखा अस्पताल, १६० आँखा उपचार केन्द्र तथा ४५ जिल्ला शाखा सञ्चालनमा रहेका छन्। सङ्घले हालसम्म नेपाली नागरिक तथा विदेशी नागरिक गरी कुल चार करोड ३६ लाख २६ हजार आँखा बिरामीलाई उपचार सेवा प्रदान गरिसकेको छ। यसैगरी, ५१ लाख ३३ हजार ५५९ जनाको शल्यक्रियामार्फत आँखाको ज्योति फर्काउन सफल भएको छ।

सङ्घका उपाध्यक्ष श्यामकुमार पोखरेलले भने, "आँखा उपचार गर्न भनेर विदेश जानुपर्दैन, अब विदेशी नेपाल आउन थालेका छन्। आँखा स्वास्थ्य सेवामा नेपाल सक्षम भएको छ।"

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकामा आँधीका कारण हजारौं उडान रद्द



सान फ्रान्सिस्को, २७ पुस/एएफपी

संयुक्त राज्य अमेरिकामा आँधीका कारण शुक्रवार तीन हजारभन्दा बढी उडान रद्द भएका छन्।

डेल्टा एयरलाइन्सले एटलान्टा अन्तर्राष्ट्रिय एयरपोर्टका सबै पाँचवटा रनवे दुई घण्टाभन्दा बढीका लागि बन्द गरिएको बताएको छ। डेल्टा विमानले पनि इन्जिनमा समस्या आएपछि एटलान्टामा उडान रद्द गर्नुपरेको थियो।

डलास–फोर्ट वर्थ (टेक्सास) र शार्लोट डगलस (उत्तरी क्यारोलिना)का उडानहरू खराब मौसमबाट प्रभावित भएका थिए। फ्लाइटअवेयरका अनुसार दुवै एयरपोर्टमा एक हजार २०० भन्दा बढी उडान रद्द गरिए।

संयुक्त राज्य अमेरिका यस हप्ताको शुरूमा आँधीको चपेटामा परेको थियो। यहाँ कम्तीमा पाँचजनाको ज्यान गएको र सयौं उडान रद्द भएका थिए।

केही ठाउँमा तापक्रम शून्य डिग्री फरेनहाइट (–१८ डिग्री सेल्सियस)भन्दा तल झर्‍यो र हजारौं मानिस बिजुलीविहीन भए। रासस

## कोइलाखानी विस्फोट हुँदा चारजनाको मृत्यु

क्वेटा, २७ पुस/एएनआई

पाकिस्तानको क्वेटाको सान्जदी क्षेत्रमा रहेको कोइलाखानीमा ग्याँस विष्फोट हुँदा चारजना खानी कामदारको मृत्यु भएको छ। फसेका आठजनाको उद्धार गर्ने प्रयास जारी रहेको एआरवाई न्यूजले जनाएको छ।

एआरवाई न्यूजका अनुसार २७ घण्टाभन्दा बढी समयदेखि उद्धार कार्य जारी रहेको छ। अधिकारीहरूले फसेका खानीमा पुग्न अथक प्रयास गरिरहेका छन्।

प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएमए)ले खानीबाट थप तीनवटा शव निकालिएको पुष्टि गरेसँगै बरामद हुने शवको कुल सङ्ख्या चार पुगेको छ।

घटना बिहीवार स्थानीय समय अनुसार ४:०० बजे भएको थियो, जब ग्याँस विस्फोटको कारण कोइलाखानीको एक भाग भत्किएको थियो, जसमा १२ जना कामदार भित्र फसेका थिए।

एआरवाई न्यूजले रिपोर्ट गरेको अनुसार फसेका कामदारहरू लगभग चार हजार ३०० फिट जमीनमुनि रहेको विश्वास गरिन्छ। अहिलेसम्म बरामद गरिएका शवहरू तीन हजार फिट गहिराइमा थिए। विस्फोटका कारण खानी भत्किएको थियो र उद्धार टोलीहरूले खानीमा पुग्न वैकल्पिक मार्ग निर्माण गर्ने काम गरिरहेका छन्।

एआरवाई न्यूजका अनुसार चुनौतीपूर्ण मौसमका कारण सहयोगमा जटिलता आएको छ।

यस्तै, एउटा घटना मार्च सन् २०२४ मा बलुचिस्तानको हरनाईमा रहेको कोइलाखानीमा १८ जना खानीमा फसेको थियो। उद्धारकर्ताहरूले सफलतापूर्वक १२ वटा शव निकाले र छजना घाइतेलाई उद्धार गरियो। रासस

## श्रीलङ्काको पर्यटन आम्दानी ५३ प्रतिशतले वृद्धि

कोलम्बो, २७ पुस/सिन्हवा



श्रीलङ्काले सन् २०२४ मा पर्यटनबाट करीब ३.१७ करोड अमेरिकी डलर कमाएको श्रीलङ्काको केन्द्रीय बैंक (सिबिएसएल)को पछिल्लो तथ्याङ्कले देखाएको छ।

यो सन् २०२३ को पर्यटन आम्दानीको तुलनामा ५३ दशमलव दुई प्रतिशतले वृद्धि हो, जुन करीब दुई अर्ब सात करोड डलर रहेको तथ्याङ्कले देखाएको छ।

सिबिएसएल तथ्याङ्कले सन् २०२४ मा २० लाखभन्दा बढी पर्यटकले श्रीलङ्का भ्रमण गरेको देखाएको छ, जुन २०२३ को तुलनामा ३८ दशमलव एक प्रतिशतले बढी हो।

श्रीलङ्का सरकारले सन् २०२५ मा ३० लाख पर्यटक भित्र्याएर पाँच अर्ब डलर पर्यटन राजस्वको लक्ष्य राखेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – विजय | वृष – धनलाभ |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – सफलता |
| तुला – प्रगति | वृश्चिक – वादविवाद |
| धनु – यात्रालाभ | मकर – कडाश्रम |
| कुम्भ – सुसमाचार | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## जर्मनीमा भैंसीमा रोगको सङ्क्रमण

बर्लिन, २७ पुस/एएफपी

जर्मनीले शुक्रवार बर्लिननजीकैको एउटा फार्ममा भैंसीको खुट्टा र मुख रोगका तीनवटा घटना रेकर्ड गरेको छ, जुन सन् १९८८ पछि देशमा पशुधन रोगको पहिलो घटना हो।

खुट्टा र मुख रोग एक अत्यधिक भाइरल सङ्क्रमण हो। यसले भेडा र सुङ्गुरसहित केही अन्य स्तनपायीहरूलाई असर गर्छ।

राज्यका प्रवक्ताले भने, "बर्लिन वरपरको पूर्वी राज्य ब्रान्डेनबर्गमा सङ्क्रमण पहिचान गरिएको थियो। यो राष्ट्रिय सरकारको पशु स्वास्थ्य संस्थानले पुष्टि गरेको थियो।"

यहाँ तीनवटा सङ्क्रमित जनावर मरेका बिल्ड दैनिकले रिपोर्ट गरेको छ।

खाद्य र कृषि मन्त्रालयका प्रवक्ता माइकल हकले यो सन् १९८८ पछि जर्मनीमा पहिलोपटक प्रकोप भएको पुष्टि गरे। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**जानकी मन्दिर:** भारतको अयोध्यास्थित श्रीराम मन्दिरको प्राणप्रतिष्ठाको वर्षगाँठका अवसरमा शनिवार साँझ आयोजना गरिने दीपोत्सवका लागि सरसफाइ गरिएको जानकी मन्दिर। तस्बिर: अमरेन्द्रकुमार यादव/रासस

## आवश्यक वातावरणीय बहाव कम भएकामा चिन्ता

काठमाडौं, २७ पुस/रासस

जलविद्युत् वा सिंचाइका लागि नदी तथा खोलाको पानी अन्यत्र सोझ्याउनु अघि खोलानालामा पर्याप्त वातावरणीय बहाव (ई–फ्लो) कायम गर्न आवश्यक पहल हुन नसकेको भन्दै जलस्रोतविद्हरूले चिन्ता व्यक्त गरेका छन्।

वातावरणीय बहाव भन्नाले नदी वा खोलाको पारिस्थितिकीय प्रणाली र यस प्रणालीमा निर्भर मानव जीविकोपार्जन कायम राख्न आवश्यक पानीको बहावको मात्रा, समय र गुणस्तरलाई बुझाउँछ। दक्षिण एशियाका सन्दर्भमा नदीको बहावसँग सांस्कृतिक र आध्यात्मिक आवश्यकता पनि जोडिएको छ। वातावरणीय बहाव कार्यान्वयनका लागि मानव विकास, नदीको प्रयोग वा डाइभर्सन नगरी प्राकृतिक वा पुरानै बहावमा पुनर्स्थापित गर्न आवश्यक छैन, तर यसको सट्टा खानेपानी, सिंचाइ वा ऊर्जामा मात्र केन्द्रित व्यवस्थापनभन्दा नदी तथा खोलाबाट प्राप्त हुने प्रत्यक्ष वा अप्रत्यक्ष व्यापक लाभको पूर्ति हुने उद्देश्य राखिएको हुन्छ।

जलविद्युत्, सिंचाइ वा खानेपानी  आयोजनासँग जोडिएका अधिकांश नदीनालामा खासगरी हिउँद र सुक्खा याममा वातावरणीय बहाव नगण्य वा शून्यमा झर्ने गरेको पाइएको छ। खोलानालाको यस्तो दोहन रोक्दै नदीलाई स्वस्थ राख्न तीनै तहका सरकार र स्थानीय समुदायले गम्भीर हुन आवश्यक रहेकामा विज्ञहरूले जोड दिएका छन्।

अन्तर्राष्ट्रिय जल व्यवस्थापन संस्था (इमी)का अनुसार नेपालमा करीब छ हजार नदीनाला छन्। तीमध्ये अधिकांश हिमालको हिउँ पग्लिएर बग्ने गरेका छन्। पछिल्लो समयमा नेपालका कैयौं नदीमा जलविद्युत् आयोजना बनिसकेका छन् भने धेरै नदीमा त्यस्ता आयोजना बन्ने तयारी थालिसकिएको छ। केही ठूला नदीमा सिंचाइ आयोजनासमेत बनिरहेका छन्।

२३ वर्ष अघि बनाइएको नेपालको जलविद्युत् नीतिमा हरेक आयोजनाले कम्तीमा १० प्रतिशत वातावरणीय बहाव कायम गर्नुपर्ने व्यवस्था गरिएको छ तर निकै कम नदी आयोजनाले मात्रै वातावरणीय बहाव कायम राख्न कम्तीमा १० प्रतिशत पानी बहन दिने गरेको विभिन्न अध्ययनले देखाएका छन्।

जलविद्युत् उत्पादनका लागि नदीको पूरै बहाव सोझ्याएर पानीविहीन बनाइएका विभिन्न नदी खण्डमा माछा र अन्य जलचर मात्र होइन स्थानीय किसान समुदाय सिंचाइ सुविधा पाउनबाट वञ्चित हुने क्रम बढिरहेको छ।

देशका नदीमा पर्याप्त वातावरणीय बहाव कायम गर्दै नदीको स्वास्थ्य संरक्षण तथा नदी तटीय क्षेत्रको पारिस्थितिकीय प्रणाली जोगाउन धेरै काम गर्न बाँकी रहेकामा विज्ञहरूले जोड दिएका छन्।

इमी र जलस्रोत तथा सिंचाइ विभागले हालै राजधानीमा आयोजना गरेको कार्यशालामा त्रिभुवन विश्वविद्यालय वातावरण विज्ञान विभागका सहायक प्राध्यापक दीपनारायण साहले प्रस्तुत गरेको अध्ययनमा हाम्रो देशमा सञ्चालित करीब ८० प्रतिशत जलविद्युत् आयोजनाले वातावरणीय बहाव कायम गर्न कम्तीमा १० प्रतिशत नदीको पानी बग्न दिनुपर्ने नियमको पालना नगरेका उल्लेख छ। "हामीले हालै ५० वटा जलविद्युत् केन्द्रको अध्ययन गरेका थियौं। अधिकांशले वातावरणीय बहाव कायम राख्न आवश्यक पानी छोडेका छैनन्।"

इमीको अर्को अध्ययन अनुसार नियम, निर्देशिका र अनुगमनको अभावका कारण वातावरणीय बहावबारे नियमको पालना हुन नसकेको हो। जलविद्युत्मा निर्भर देशका तीन हजार मेगावाट क्षमताका करीब १६० वटा जलविद्युत् केन्द्र निर्माण भइसकेका छन् भने १० हजार मेगावाट क्षमताका विभिन्न आयोजना निर्माणाधीन छन्। करीब आठ हजार मेगावाट क्षमताका आयोजना निर्माण गर्न आवश्यक सर्वेक्षण भइरहेको छ।

काठमाडौं विश्वविद्यालयकी सहायक प्राध्यापक रामदेवी तचमो शाहको भनाइमा हरेक नदीको स्वास्थ्य जोगाउन वातावरणीय बहाव कायम राख्ने नियमको पालना हुनुपर्छ। त्यसका लागि जनतालाई सचेत गराउने तथा सरोकारवालाहरूलाई प्रशिक्षण दिन जरुरी छ।

कार्यशालामा सहभागी विज्ञ तथा अधिकारीहरूले जलविद्युत्, सिंचाइ वा खानेपानी आयोजना निर्माण गर्नेक्रममा दिगो हिसाबले हरेक नदीलाई जीवित राख्ने सुनिश्चित गरेर मात्रै पानीको उपभोग गर्नुपर्नेमा जोड दिए।

उनीहरूका भनाइमा नेपालको संसद्मा विचाराधीन नयाँ जलस्रोत विधेयकमा वातावरणीय बहावको विषयलाई सम्बोधन गरिएमा मुलुकका नदीनालाको दिगो संरक्षण हुन सक्छ।

पूर्वजलस्रोतमन्त्री दीपक ज्ञवाली मुलुकका नदीनालासँग जोडिएका आयोजनालाई दिगो बनाउनका लागि तिनको 'स्थानीयकरण' गर्नु सर्वोत्तम उपाय हुने बताउँछन्। उनी परियोजनाहरू निर्माण गर्नु अघि गरिने वातावरणीय प्रभाव मूल्याङ्कन अर्थात् इआइए बनाउँदा र यसको कार्यान्वयन गर्दा जतिसक्दो धेरै स्थानीयवासीका चासोलाई सम्बोधन गर्नुपर्नेमा जोड दिन्छन्।

## दुर्घटनामा चालकको मृत्यु, १३ जना घाइते

मनहरि, २७ पुस/रासस

मकवानपुरको मनहरिमा कार दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन्। शनिवार दिउँसो स्कार्पियो र कार एकापसमा ठोक्किंदा कारचालक हेटौंडा–४ स्कूलरोड बस्ने ६० वर्षीय सुरेन्द्रलाल श्रेष्ठको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिए।

वीरगंजबाट चितवनतर्फ जाँदै गरेको बाग्मती प्रदेश ०१–०२६ च ५२५० नम्बर को स्कार्पियो र चितवनबाट हेटौंडातर्फ आउँदै गरेको बा.१६च ८३२४ नम्बरको कार पूर्व–पश्चिम राजमार्ग अन्तर्गत मनहरि–६ मा ठोक्किंदा दुर्घटना भएको हो।

कारमा सवार तीन र स्कार्पियोमा सवार १० जना गम्भीर घाइते भएका जनाउँदै प्रहरी प्रवक्ता अर्यालले घाइते अधिकांशका हात, खुट्टा र शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको बताए। स्कार्पियो चालकको पहिचान खुल्न नसकेकोले अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। घाइते सबैको अवस्था गम्भीर रहेकाले उपचारका लागि एलाइभ अस्पताल भरतपुर पठाइएको प्रनाउ अर्यालले जानकारी दिए।

# सुरक्षाकर्मीहरूलाई मिलाएर काम गरेका छौं -राँगा व्यापारी

प्रस, वीरगंज, २७ पुस/

जगरनाथपुर गाउँपालिका-४ मा रहेको राँगाभैंसी बजारका व्यापारीहरूले शनिवार वीरगंजमा पत्रकार सम्मेलन गरेर सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट भिखमपुरमाथि गम्भीर आरोप लगाए ।



नेपाल पत्रकार महासङ्घको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा हासिम सप्लायर्सका सञ्चालक हासिम मियाँले बिओपी प्रमुख एवं सशस्त्र प्रहरी नायब उपरीक्षक रमेश गुरुङले आफूसँग मासिक दुई लाख घूस माग गरेको र नदिएपछि शुक्रवार एक ट्रक पाडा नियन्त्रणमा लिएको आरोप लगाए ।

उनले ट्रकमा लोड पाडासम्बन्धी सबै कागजात भएको अवस्थामा नियन्त्रणमा लिएर चालकसमेतलाई भन्सार चलान गरिएकोमा आपत्ति जनाए । व्यापारी मियाँले पर्सा जिल्लाका किसानहरूले पालेका पाडाहरू खरीद गरेर बिक्रीका लागि काठमाडौं लाने क्रममा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर भन्सार चलान गरेको बताए ।

उनले सप्रनाउ गुरुङले आफूलाई काम गर्नु अघि भेट्न सूचना गरेको र आफूले भोलिपल्ट भेट्ने योजना बनाएकोमा सोही दिन राति पाडा लोड ट्रक नियन्त्रणमा लिएर चालकसमेतलाई भन्सार चलान गरेको आरोप लगाए। उनले सात वर्षदेखि आफूले सशस्त्र तथा जनपद प्रहरीलाई मिलाएरै पशुहरूको कारोबार गर्दै आएको दाबी पनि गरे ।

उनले भने- सशस्त्रका घुमुवाहरूसँग मेरो परिचय छ, उनीहरूमार्फत घूसको कारोबार हुन्थ्यो तर मैले सप्रनाउ गुरुङलाई भने चिनेको छैन र उनै घुमुवाहरूले सप्रनाउ गुरुङको नाम लिएर रकम माग गरेका हुन् । पत्रकार सम्मेलनमा जगरनाथपुर गापाका पूर्वअध्यक्ष एवं एमाले नेता जालिम मियाँ पनि सहभागी थिए ।

## रेशमकोठी उपशाखाको अधिवेशन

प्रस, वीरगंज, २७ पुस/

नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उपशाखाको ३०औं अधिवेशन शनिवार सम्पन्न भएको छ। वडाध्यक्ष प्रदीपकुमार चौरसियाले अधिवेशन उद्घाटन गरेका थिए ।

अधिवेशनले जीतेन्द्र आश्वानीको सभापतित्वमा नयाँ कार्यसमिति चयन गरेको छ। समितिको उपसभापति सरीता यादव, सचिव लालबाबू सिंह, सहसचिव अभिलाष गुप्ता, कोषाध्यक्ष नवनीत अग्रवाल, सहकोषाध्यक्ष श्रवण रायमाझीलगायतका सदस्यहरू चयन भएका छन् ।


## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रको प्रयोग गरौं,
- आधिकारिक सेवाप्रदायकबाट सेवा लिऔं,
- सेवा प्राप्त गर्दा आफैंले लिऔं, बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाइनबाटै सेवा लिने र दिने गरौं,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं,
- सेवाप्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं,
- अनियमितता र भ्रष्टाचारविरुद्ध उजूरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







## पुण्यतिथिमा वृद्धाश्रममा भोजन

प्रस, बिरुवागुठी, २७ पुस/

बुबाको पुण्यतिथिमा छोरीले ठोरी गाउँपालिकाको वृद्धाश्रमका वृद्धवृद्धा, अपाङ्गहरूलाई भोजन गराएकी छन् ।



ठोरी गापा-३ बुद्धनगर निवासी मीरा खड्काले स्व धनबहादुर खड्काको छैटौं पुण्यतिथिमा ठोरी वृद्धाश्रमका वृद्धवृद्धाहरू, अपाङ्ग गरी ३५ जनालाई भोजन गराउनुका साथै एक थान ह्वीलचेयर सहयोग गरेकी छन् । उनले पुण्यतिथिमा हुने अन्य खर्चहरूमा कटौती गरी वृद्धाश्रममा आश्रितहरूलाई भोजन गराउनुका साथै ह्वीलचेयर सहयोग गरेको बताइन् ।

## भारतीय ट्रकबाट गाँजा बरामद

प्रस, वीरगंज, २७ पुस/

जिल्ला प्रहरी कार्यालय, पर्साले गएराति वीरगंजस्थित एकीकृत सुरक्षा जाँच चौकी (आइसिपी)बाट एक क्वीन्टल गाँजा बरामद गरेको छ ।

बिआर०१बिएल३९२८ नम्बरको भारतीय ट्रकबाट सो परिमाणमा गाँजा बरामद भएको र चालक फरार हुन सफल भएको पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक किशोर लम्सालले बताए । सूचनाको आधारमा मकवानपुरबाट गाँजा लोड भएर वीरगंज आएको र आइसिपीको बाटो भारत जान लागेको सो ट्रक चेकजाँच गर्दा गाजाँ बरामद भएको प्रवक्ता लम्सालले बताए ।

### गरीब विपन्नलाई ...

बालबालिकाहरूलाई समस्या नहोस् भन्ने उद्देश्यले कम्बल वितरण गरिएको रूँगटा वेलफेयर सोसाइटीका अध्यक्ष सुरेश रूँगटाले बताए। प्रमुख जिल्ला अधिकारी गणेश अर्याललगायतका व्यक्तिहरूले विपन्न परिवार, ज्येष्ठ नागरिक, बालबालिकाहरूलाई कम्बल वितरण गरेका थिए । ग्रीनसिटीका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा भएको कार्यक्रममा सप्रउ राधेश्याम धिमाल, प्रनाउ किशोर लम्साललगायतको सहभागिता थियो ।

यसैगरी, सामुदायिक सेवा केन्द्र छपकैयाले शुक्रवार सय थान स्वेटर र ५० थान टोपी वितरण गरेको छ । वीरगंज महानगर-२ छपकैयामा रहेका अल्पसङ्ख्यक समुदायका बालबालिकाहरूको लागि सामुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत राज होजियारीको सहयोगमा ती सामग्रीहरू प्रनाउ लम्सालले वितरण गरेका थिए। केन्द्रका अध्यक्ष ग्याँसुमियाँ ठकुराईले चीसोबाट थोरै भएपनि राहत मिलोस् भन्ने उद्देश्यले सामाजिक उत्तरदायित्व निर्वाह गरिएको बताए ।

# खेलकूदको संसार

## जय ट्रफी : वीरगंजमा आर्मीले मधेस प्रदेशलाई फलोअन दियो

### जनकपुरमा भने बाग्मतीको कमजोर प्रदर्शन

प्रस, परवानीपुर, २७ पुस/

मिनी टेस्ट राष्ट्रिय क्रिकेट प्रतियोगिताको रूपमा चिनिने जय ट्रफीको अन्तिम चरणको लिग खेल वीरगंज र जनकपुरमा शनिवारदेखि शुरू भएको छ ।

दुई दिवसीय यो अन्तिम लिग खेलको हारजीतले १४ जनवरीदेखि हुने तीन दिवसीय फाइनल खेलमा सहभागी हुने टीम निश्चित गर्नेछ। आज पहिलो दिनको खेल समाप्तिपछि प्रतियोगिताको फाइनलमा नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लब नै पुग्ने सम्भावना देखिएको छ। वीरगंजमा त्रिभुवन आर्मी क्लब र मधेस प्रदेश टीमबीच भइरहेको खेलमा टस हारी पहिले ब्याटिङ गरेको आर्मीले ५९ दशमलव तीन ओभर खेल्दै नौ विकेटको क्षतिमा २२५ रन बनाइ पारी समाप्तिको घोषणा गऱ्यो । जसमा आर्मीका वशिर अहमदले ५२ र इमरान शेखले ४२ रनको योगदान गरे ।



मधेस प्रदेशका रञ्जीत कुमारले १६ दशमलव तीन ओभर बलिङ गर्दै तीन मेडेनका साथ ४४ रन खर्चेर पाँच विकेट लिए। प्रदीप पासवानले दुई, कप्तान हरिशङ्कर साह र अभिषेक तिवारीले समान एक/एक विकेट लिए। आर्मीको पहिलो पारीपछि मधेसले ३५ दशमलव पाँच ओभर खेल्दै मात्र १०२ रनमैं सबै विकेट गुमाउन पुग्यो। आर्मीले फलोअन दिएर दोस्रो पारी खेल्न मधेसलाई मैदानमा बोलाएको छ । मधेसको पहिलो पारीमा कप्तान हरिशङ्कर साहले ३१ रन बनाए । अरू खेलाडीको ब्याटिङ खासै चलेन । मधेसका शैलेन्द्र साह र रूपेश सिंह शून्यमा आउट भएका थिए भने नीरज यादव आठ, साहिल पटेल नौ र विशाल पटेलले तीन रन मात्र बनाए । आजको खेल समाप्तिसम्म मधेस दोस्रो पारीमा एक ओभरमा विकेट क्षति नभई दुई रनको अवस्थामा छ। आइतवारको खेलमा आर्मीले चाँडै आउट गर्ने र मधेसका खेलाडीले टिकेर खेल्ने कोशिश गर्नेछन् ।

जनकपुरमा जारी बाग्मती प्रदेश र नेपाल पुलिस क्लब (एनपिसी)बीचको खेलमा पनि बाग्मतीले फितलो प्रदर्शन गरेको छ। टस हारी पहिले ब्याटिङ गरेको बाग्मतीले ३३ दशमलव दुई ओभरमा १० विकेटको क्षतिमा मात्र ११२ रन बनायो। जसमा बाग्मतीका इशान पाण्डेको सर्वाधिक ७१ रनको योगदान रह्यो। अन्य ब्याटरहरूको ब्याट खासै चल्न सकेन। बाग्मतीका खेलाडीहरूमा सन्दीप लामिछाने, सूर्य तामाङ, रोशन विक गरी तीनजना डकआउट भएपछि बाग्मतीको योगफल न्यून हुन पुग्यो। माथिल्लो क्रमका छजना ब्याटरले न्यून रन जोडेपछि बाग्मतीको अन्तिम लिग खेलमा प्रदर्शन फितलो भएको हो ।

बलिङतर्फ पुलिसका ललित राजवंशीले नौ ओभरमा दुई मेडेनका साथ २७ रन खर्चेर चार विकेट लिए भने श्रवण यादवले तीन, कुशल भुर्तेलले दुई विकेट लिए। नेपाल पुलिसले पहिलो पारीमा ४५ दशमलव पाँच ओभरमा १० विकेटको क्षतिमा २१५ रन बनाएको छ। जसमा पुलिसका अमित श्रेष्ठले ७९, अर्जनु साउदले ७७ र गुलशन झाले १७ रनको योगदान गरेका छन् भने बाग्मतीका सन्दीप लामिछानेले चार, नन्दन यादवले दुई, प्रतीश जिसीले दुई विकेट लिए। आजको खेल सकिंदा बाग्मतीले दोस्रो पारी अन्तर्गत चार ओभरमा विकेट नगुमाइ आठ रन बनाएको छ ।

# वार्षिकोत्सवमा शोभायात्रा, दीप प्रज्वलित

प्रस, वीरगंज, २७ पुस/

नेपाल जनता पार्टी, पर्साले श्रीराम जन्मभूमि अयोध्या मन्दिरमा भगवान् श्रीरामको प्राणप्रतिष्ठान भएको प्रथम वार्षिकोत्सवको उपलक्ष्यमा शनिवार वीरगंजमा शोभायात्रा निकालेको छ ।



पौष शुक्लपक्ष द्वादशी तिथिको दिन श्रीराम मन्दिर अयोध्याधाममा भगवान् श्रीरामको प्राणप्रतिष्ठान भएको दिन आज नेजपाले जिल्ला प्रहरी कार्यालय, पर्सा अगाडिबाट शोभायात्रा निकालेर नगरपरिक्रमा गर्दै सोही स्थानमा पुगेर समापन भएको थियो । बाजागाजासहितको शोभायात्रामा भगवान् श्रीराम, माता जानकी, भगवान् लक्ष्मण, हनुमानजीको झाँकीसहित 'जय श्रीराम', 'हर हर महादेव', 'नेपाललाई हिन्दू राष्ट्र घोषणा गरियोस्', 'धर्मनिरपेक्षता खारेज होस्' नारा लगाइएको थियो ।

यसैगरी, हिन्दू परिषद् नेपालले पनि भगवान् श्रीरामको प्रतिमा प्राणप्रतिष्ठा भएको प्रथम वार्षिकोत्सवमा आज माईस्थान मन्दिरमा बिहान १० बजेदेखि हनुमान आराधना एवं सनातन वैलिक हवन पूजन एवं विशेष हवनका साथै साँझ एक लाख २५ हजार दीप प्रज्वलित गरेको थियो। प्रकाश उपाध्याय र मुना खनालले पूजाआजा गरी दीप प्रज्वलित गरेका थिए। कार्यक्रम नगर अध्यक्ष श्यामबाबू गुप्ताको अध्यक्षतामा भएको थियो ।

# कर्मकाण्डमा खर्च नगर्नुस् -अध्यक्ष श्रमजीवी

प्रस, वीरगंज, २७ पुस/

भौतिकवादी समाज नेपाल सर्लाही जिल्ला समिति सदस्य खेम विश्वकर्माका पिता विष्णुलाल सुन्चौरीको ७२ वर्षको उमेरमा भएको निधनमा भौतिकवादी समाज नेपालको अगुवाइमा धार्मिक विधिबाट हुँदै आएको कर्मकाण्डविपरीत वृक्षारोपण गरी सम्पन्न गरिएको छ ।

सो अवसरमा केन्द्रीय अध्यक्ष बैधनाथ श्रमजीवीले मानिस जन्मिने र मर्ने क्रम चलिरहने बताए । उनले यो प्रकृतिको नियम भएकोले यसलाई अनौठो नमान्न सुझाए। जन्म र मृत्युको क्रममा गरिने धार्मिक कर्मकाण्डका कुराहरू पाखण्ड भएको उनले दलील पेश गरे । केही व्यक्तिहरूले आफ्नो जीविकोपार्जनका लागि अहिलेसम्म धर्मको नाममा जन्म, मृत्युलगायतका कार्यहरू गराउँदै आएकाले अहिलेका भौतिकवादी समाजले त्यसलाई अङ्गीकार नगर्ने बताए ।



महोत्तरी जिल्ला अध्यक्ष उपेन्द्र भगतको अध्यक्षतामा भएको कार्यक्रममा रोशनपुरी जनकपुरी, विनोद काफ्ले, शिवकुमार महरा, उपेन्द्र भगत, गङ्गा सापकोटा, भीमकुमार राउत, शङ्कर महतो, बृद्धमाया कोइराला, जयप्रकाश साह, हीरादेवी दास, महादीप पोखरेल, सरोज विश्वकर्मा, विश्वभक्त दुलाल आहुतिलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको सहजीकरण जीवन साह शङ्करले गरेका थिए ।

## ३० जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २७ पुस/

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन (एन-प्याब्सन) बाराको आयोजनामा शनिवार भएको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ३० जनाले रक्तदान गरेका छन् ।

रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक मनीष गुप्ताले बबिता चौधरी, छाया सर्राफ, समीरबाबू मियाँ, कर्णराज घिमिरे, सुनील गुप्ता, श्री पासवान र रवि रामलगायतले रक्तदान गरेको बताए ।